नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी
बागमती प्रदेश प्रहरी कार्यालय
( प्रहरी नायव महानिरीक्षकको सचिवालय ) हेटौडा, मकवानपुर ।

फोन: ०५७-५२१४९९
फ्याक्स: ०५७-५२३३९९

# ***प्रेस बिज्ञप्ति***

नेपाल प्रहरी संगठन जनउत्तरदायी, जनसमुदायको हित, सुरक्षामा सदैव समर्पित राष्ट्रको एक जिम्मेवार संस्था हो । सुरक्षा, अपराध नियन्त्रण, अनुसन्धान तथा जनहितका बिविध कृयाकलापहरुको सफल कार्यान्वयनका लागि अहोरात्र कृयाशिल नेपाल प्रहरीलाई प्रदत्त जिम्मेवारीलाई अझ शसक्त बनाउँदै जनसमुदायको बिश्वासिलो संगठनका रुपमा स्थापित हुन हरसम्भव प्रयाशरत रहेकोछ र यसलाई मुर्तरुप दिन जनतासंगको सहकार्यलाई अंगिकार गर्दै समुदायमा आधारीत बिविध कार्यहरुमा आफुलाई संलग्न गराउदै आएकोछ । हाल सामाजिक संजाल मार्फत प्रचारमा आएको प्रहरी कर्मचारीले महिला माथी प्रर्दशन गरेको गैर व्यवसायीक कार्य प्रति नागरिक सर्वोच्चतालाई सदैव उच्च सम्मान दिदै आएको यस बागमती प्रदेश प्रहरी कार्यलय, हेटौंडाको गम्भीर ध्यानाकर्षण भएको छ । संगठनले यस्ता गैरजिम्मेवार, गैर व्यवसायीक कार्यहरु हुन गर्न नदिनका लागि निरन्तर सचेत गराउँदा गराउँदै पनि प्रहरी कर्मचारीबाट हुन गएको यस कार्यलाई गम्भिरताका साथ लिई सम्बन्धित प्रहरी कर्मचारीलाई प्रहरी नियमावली बमोजिम बिभागिय कारवाही गरिएको सम्बन्धीत सबैलाई जानकारी गराउँदै उल्लेखित गैरव्यवसायीक क्रियाकलापहरु निरूत्साहि गर्दै स्वच्छ, जिम्मेवार संगठन निर्माणमा नेपाल प्रहरी सदैव प्रतिबद्ध रहेको व्यवहोरा समेत जानकारी गराउँदछौ ।

मिति २०७८ जेष्ठ १९ गते ।

**प्रवक्ता**
**(मीरा चौधरी)**
**प्रहरी बरिष्ठ उपरीक्षक**
**बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा**